कार्यपालिका बैठक संख्याः १५०
बैठक मिति: २०८२/०६/१३
अध्यक्षता: नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं. १**

नेपालीहरुको महान चाडपर्वहरु बडादशै, शुभ दिपावली, छैठ पर्व २०८२ साथै नेपाल सम्बतको अवसरमा सम्पुर्ण नगरवासी, देश विदेशमा रहनु हुने नेपाली आमाबुबा,दाजुभाई तथा दिदी बहिनीहरुमा सुख शान्ति,सम्बृद्धी, दिर्घायू तथा उत्तरोत्तर प्रगतीको कामना सहित हार्दिक मंगलमय शुभ-कामना ब्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

मिति २०८२ साल भाद्र २३ र २४ गते जेन जि पुस्ताको नाममा भएको विध्वांसात्मक आन्दोलन तथा प्रदर्शनमा इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा भएको आगजनी, तोडफोड र लुटपाटबाट कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने कागजात, फर्निचर फिक्सर, कम्प्युटर प्रिन्टर तथा विधुतीय सामग्रीहरु पूर्ण रुपमा क्षतिग्रस्त भई कार्यालयको नियमित सेवा प्रवाह गर्न गम्भिररुपमा अवरोध भएको हुँदा तत्काल कागजात, फर्निचर फिक्सर, कम्प्युटर, प्रिन्टर तथा विधुतीय सामग्रीहरु खरिद नगरिएको खण्डमा कार्यालय सञ्चालन गर्न कठिनाई भई नागरिक तथा सेवाग्राहीहरुलाई सेवा प्रवाह गर्न नसिकिने तथा सेवामा अवरोध सृजना भई उपमहानगरपालिकाको सेवा र कार्यालय सञ्चालनमा बिलम्ब हुने र जनस्तरमा नकारात्मक प्रवाह पर्ने नागरिक तथा सेवाग्राहीलाई सेवा प्रवाह गर्न / गराउन समय बढी लाग्ने भई गम्भिर समस्या सृजना हुने विशेष परिस्थित सृजना भई आकस्मिक पिरिस्थितिको सामाना गर्नु पर्ने भएकाले आधारभूत रुपमा तत्काल कार्यालय सञ्चालन गरी सेवा सूचारु गर्नु पर्ने भएकाले सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १४५ बमोजिम माथि उल्लेखित सामाग्रीहरुको खरिद प्रकृया अगाडी बढाउने निर्णय गरीयो ।

**निर्णय नं. ३**

मिति २०८२ साल भाद्र २३ र २४ गते जेन जि पुस्ताको नाममा भएको विध्वांसात्मक आन्दोलन र प्रदर्शनमा ईलाका प्रहरी कार्यालय इटहरीको भवनमा समेत आगजनी, तोडफोड र लुटपाट भएकोले साविकको भवनबाट सेवा सञ्चालन गर्न नसकिएको अवस्थामा हाल इटहरी २० को तरहरा प्रहरी चौकीबाट इलाका प्रहरी कार्यालयको सेवा सञ्चालन भएकोमा इटहरीको शान्ति सुरक्षा गर्नका निम्ती इटहरीको मुख्य बजार क्षेत्रमा शान्ति सुरक्षाको लागि तत्काल इलाका प्रहरी कार्यालय स्थापना गरी शान्ति सुरक्षाको प्रत्याभुती गराउनका लागी आवश्यक व्यवस्था मिलाइदिन नेपाल सरकार गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय सुनसरी, जिल्ला प्रहरी कार्यालय सुनसरीमा अनुरोध गर्ने निर्णय गरीयो ।साथै सो का लागी अवश्यक सहयोग र समन्वय गर्नका लागि राजनितिक दल, नागरीक समाज, उधोग वाणिज्य संघ एवं सरोकारवाला सबैलाइ अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४**

मिति २०८२ साल भाद्र २३ र २४ गते जेन जि पुस्ताको नाममा भएको विध्वांसात्मक आन्दोलन र प्रदर्शनमा यस उपमहानगरपालिकाको सवारी साधन/ मेसिनरी उपकरणहरुमा आगजनी भएकोमा सो को हालको अवस्था र मर्मत सम्भार गरी पुन सञ्चालन गर्न सकिने वा नसकिने सो को प्राविधिक मुल्याङ्कन

सहित कार्यपालिकामा प्रतिवेदन पेश गर्न मेसिनरी औजार व्यवस्थापन शाखालाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. ५**

मिति २०८२ साल भाद्र २३ र २४ गते जेन जि पुस्ताको नाममा भएको विध्वांसात्मक आन्दोलन र प्रदर्शनमा यस उपमहानगरपालिकाको दुइ ओटा वारुणयन्त्रमा समेत आगजनी भएकोले वारुणयन्त्रको सेवा उपलब्ध गराउन नसकिने अवस्था रहेकोले तत्काल आगलागी भएको खण्डमा अग्नि नियन्त्रण गर्नका निम्ती तत्काल १ थान वारुणयन्त्र खरिद गर्ने प्रकृया अगाडी वढाउने निर्णय गरीयो ।

**निर्णय नं. ६**

मिति २०८२ साल भाद्र २३ र २४ गते जेन जि पुस्ताको नाममा भएको विध्वांसात्मक आन्दोलन र प्रदर्शनमा मृत्यु भएका इटहरी क्षेत्रका सहिद परीवारलाई रु १ लाख एक हजार मात्र आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ७**

मिति २०८२ साल भाद्र २३ र २४ गते जेन जि पुस्ताको नाममा भएको विध्वांसात्मक आन्दोलन र प्रदर्शनका क्रममा भएको आगजनी, तोडफोड र लुटपाट भई क्षती ग्रस्त भएका प्रदेश तथा क्षेत्रीय स्तरका कार्यालयहरु क्रमशः अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान कार्यालय, कोसी प्रदेश यातायात व्यवस्था कार्यालय,नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवसथापन कार्यालय, आन्तरीक राजस्व कार्यालय लगायतका अन्य सरकारी कार्यालयहरुको सेवा नियमित सञ्चालन र कार्यालय पुनर्निर्माणका निम्ती नेपाल सरकारसँग माग गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८**

इटहरी उपमहानगरपालिकाकाको कामदारको ज्याला, निर्माण सामाग्री, ढुवानी मेशिन तथा उपकरणको भाडा सम्मन्धि तथा अन्य सामाग्रीहरुको दररेट-आ.व. २०८२/०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

मिति २०८२ साल भाद्र २३ र २४ गते जेन—जी पुस्ताद्वारा देशव्यापी रुपमा भएको आन्दोलन/प्रदर्शनको क्रममा इटहरी उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा समेत तोडफोड तथा आगजानी भई कार्यालय पूर्ण रुपमा ध्वस्त भएकोले उक्त भवनमा रहेको विभिन्न महाशाखा, शाखा तथा कार्यकक्षहरुबाट भएको सेवा प्रवाह प्रभावित भई सोही स्थानबाट कार्यालय नियमित सञ्चालन तथा सेवा प्रवाह गर्न नसकिने अवस्था रहेकोले नयाँ प्रशासकीय भवन र साँस्कृतिक भवनमा विभिन्न महाशाखा/शाखा स्थापना गरी कार्यलय सञ्चालन तथा सेवा प्रवाह गर्नुपर्ने आवश्यकता पर्न गएको छ। साँस्कृतिक भवनमा रहेको नगरप्रहरी ब्यारेक समेत खाली गरी नगरप्रहरीलाई अन्यत्र स्थानान्तरण गरी नगर प्रहरीको प्रशासनिक सेवा तथा ब्यारेकलाई इटहरी उपमहानगरपालिकाको वडा नं. ९ मा निर्माण भएको इटहरी बसपार्क टर्मिनल भवनमा हाललाई स्थानान्तरण गरी सेवा सञ्चालन गर्न उपयुक्त देखिएकोले नगरप्रहरीको ब्यारेक तथा प्रशासनिक कार्य उक्त टर्मिनल भवनमा स्थानान्तरण गर्ने निर्णय गरियो। साथै उक्त टर्मिनल भवन सञ्चालन तथा व्यवस्थापन र पार्किङ शुल्क सङ्कलन गर्ने प्रयोजनका लागि इटहरी उपमहानगरपालिका र नमूना कन्स्ट्रक्सन बराहक्षेत्र-५, सुनसरी बीच पाँच वर्षे ठेक्का सम्झौता भएको

अवस्था छ। ठेक्का सम्झौतामा कायम भएको कुल मुल्य अभिवृद्धि कर सहितको रकम रु.२,१५,००,००१।०५ (अक्षरेपी दुई करोड पन्ध्र लाख एक रुपैया पाँच पैसा मात्र) मध्ये यस उपमहानगरपालिकाले ठेक्का आवहान गर्दा उक्त बस टर्मिनल भवनको पहिलो र दोस्रो तलाको लागि कायम गरेको वार्षिक मुल्य अभिवृद्धि कर सहित रकम रु.७४,३०,२५०।- (अक्षरेपी चौहत्तर लाख तीस हजार दुई सय पचास रुपैया मात्र) घटाई मुल्य अभिवृद्धि कर सहितको नयाँ वार्षि क ठेक्का रकम रु. १,४०,६९,७५१।— (अक्षरेपी एक करोड चालीस लाख उनान्सत्तरी हजार सात सय एकाउन्न मात्र) कायम गर्ने निर्णय गरियो र सोको जानकारी सहित उक्त दुई तला खाली गरिदिन हुन नमुना कन्स्ट्रक्सन बराहक्षेत्र-५, सुनसरीलाई पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

इटहरी उपमहानगरपालिका द्वारा जारी भएको प्रथम नागरिक थारु समूदायको संरक्षणः सम्बर्द्धन तथा विकास सम्वन्धी ऐन, २०८० को दफा १९ को उपदफा १ वमोजिम नगरस्तरीय प्रथम नागरिक थारु समुदायको संरक्षणः सम्वर्दन तथा विकास समिति देहाय वमोजिम गठन गर्ने निर्णय गरियो।

**<u>देहायः</u>**

संरक्षक सल्लाहकार - नगर प्रमूख- श्री हेमकर्ण पौडेल
संयोजक- नगर उप-प्रमूख- श्री संगीता कुमारी चौधरी
सदस्य सचिव- प्रमूख प्रशासकीय अधिकृत- श्री मीनबहादुर भट्टराई
सदस्य- श्री तेज नारायण चौधरी- इटहरी १६ नं वडाध्यक्ष- थारु जनप्रतिनिधि
सदस्य- श्री कुमोद चौधरी- इटहरी १ नं वडा- महिला सदस्य- थारु महिला जनप्रतिनिधि
सदस्य- श्री देव नारायण चौधरी- ७ नं वडाध्यक्ष-नगर प्रमूखद्वारा मनोनित कार्यपालिका सदस्य मध्येबाट थारु जनप्रतिनिधि
सदस्य- श्री तेज नारायण चौधरी- इटहरी १८ नं वडा- ग्रामथान संरक्षण समिति प्रतिनिधि
सदस्य- श्री लक्ष्मी नारायण चौधरी- इटहरी १६ थारु कल्याणकारी सभा प्रतिनिधि
सदस्य- श्री मृदुला कुमारी चौधरी- इटहरी १८ थारु कल्याणकारी सभा महिला प्रतिनिधि
सदस्य- श्री शुशिला लेखी- इटहरी ६- थारु महिला नगर सभा प्रतिनिधि
सदस्य- श्री गित नारायण चौधरी- इटहरी १ नं वडा- थारु अभियान्ता / थारु समाजसेवी / थारु संस्कृतिविद / थारु शिक्षक / थारु साहित्यकार / थारु पत्रकार / थारु कानुनविद / थारु चलचित्रकर्मी / प्रतिनिधि
सदस्य- श्री दुःखी लाल चौधरी- इटहरी १४ नं वडा - थारु अभियान्ता / थारु समाजसेवी/ थारु संस्कृतिविद/ थारु शिक्षक / थारु साहित्यकार / थारु पत्रकार / थारु कानुनविद / थारु चलचित्रकर्मी / प्रतिनिधि
सदस्य- श्री शिव नारायण चौधरी- इटहरी १५ - थारु अभियान्ता / थारु समाजसेवी / थारु संस्कृति विद / थारु शिक्षक / थारु साहित्यकार / थारु पत्रकार / थारु कानुनविद / थारु चलचित्रकर्मी / प्रतिनिधि
सदस्य- श्री राम परि चौधरी- इटहरी १३ - थारु अभियान्ता/ थारु समाज सेवी / थारु संस्कृति विद / थारु शिक्षक / थारु साहित्यकार / थारु पत्रकार / थारु कानुन विद / थारु चलचित्रकर्मी / प्रतिनिधि